# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, पुस ०२ गते, २०८० साल (सङ्ख्या २३


## भाग ३

## बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

## हेटौंडा, नेपालको

# सूचना

## अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना**ः स्थानीय सरकार तथा प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिलाई समुदायस्तरमा उपलब्ध गराउनुपर्ने सेवा सुविधाहरू र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूमा स्पष्टता ल्याउने, उक्त कार्यक्रम सञ्चालनलाई व्यवस्थित र

प्रभावकारी बनाउने तथा प्रदेश सरकारको अनुदानमा सञ्चालित समुदायमा आधारित पुनर्स्थापना (सी.बि.आर.) कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न,

प्रदेश सुशासन ऐन २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहने छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम" भन्नाले अपाङ्गता भएका व्यक्तिका लागी प्रचलित कानून र नियमावली अनुसार सबै प्रकारका अपाङ्गता भएका व्यक्तिले स्थानीय तह मार्फत समुदायमै प्राप्त गर्नुपर्ने सेवा भन्ने सम्झनु पर्छ।

(ख) "तथ्यांक" भन्नाले अपाङ्गता भएका व्यक्तिको नेपाल सरकारले तोकेको वर्गिकरण र व्याख्या अनुसारको खण्डीकृत तथ्यांक सम्झनु पर्छ।

(ग) "अपाङ्गता भएका व्यक्ति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ बमोजिमका व्यक्ति बुझ्नु पर्छ।

(घ) "अपाङ्गताको वर्गीकरण" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन,२०७४ बमोजिमका वर्ग र उपवर्ग सम्झनु पर्छ।

(ङ) "स्थानीय समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठित समिति सम्झनु पर्छ।

(च) "ओ.पी.डी" (Organization of Persons with disability) भन्नाले अपाङ्गता भएका व्यक्तिहरुद्वारा संचालित अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था सम्झनु पर्छ।

(छ) "पुनर्स्थापना" भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी सीपमूलक तथा व्यावसायिक तालिम, सहायक सामग्री, औषधी उपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक कार्यक्रम सम्झनु पर्छ।

(ज) "सी.बी.आर. कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकारको अनुदानमा अपाङ्गता भएका व्यक्तिको सेवा

सुविधाको लागि स्थानीय तह मार्फत सञ्चालित कार्यक्रम सम्झनु पर्छ।

## परिच्छेद- २

## समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम

३. **अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरु सञ्चालन गर्न सकिने:** (१) प्रदेश सरकारको सहयोग तथा अनुदान वा स्थानीय तह सँगको साझेदारीमा स्थानीय तह मार्फत देहायबमोजिम समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछः-

(क) प्रत्येक स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको अनुसूची- १ बमोजिमको ढाँचामा खण्डीकृत तथ्याङ्क संकलन गर्ने, उपयुक्त तथ्याङ्क व्यवस्थापन तथा विश्लेषण प्रणाली निर्माण गर्ने र प्रदेश स्तरमा अपाङ्गता भएका व्यक्तिको एकीकृत तथ्याङ्क व्यवस्थापन गर्ने तथा आवधिक रूपमा अध्यावधिक गर्ने।

(ख) प्रत्येक स्थानीय तहमा सहायक सामग्री चाहिने अपाङ्गता भएका व्यक्तिको प्राविधिक नापजाँच सहितको तथ्याङ्क राख्ने, सहायक सामग्री खरिदको लागि बजेट व्यवस्थापन गर्ने र सोहीअनुसार सहायक सामग्री खरिद गरी आवश्यकताअनुसार वितरण गर्ने तथा प्रदेश र सङ्घीयस्तरमा सरकारी अनुदानबाट वितरण गरिने सहायक सामग्रीका लागि स्थानीय

तहले सम्बन्धित संस्थामा उपलब्ध सेवाहरु उपलब्ध गराउन सिफारिस गर्ने।

(ग) अपाङ्गता परिचयपत्र वितरणमा सबै स्थानीय तहमा एकरूपता कायम गर्ने, यसको लागि गरिने आवेदन प्रक्रियालाई अनलाइन गरी परिचयपत्रको तथ्याङ्कलाई कम्प्युटराइज्ड र डिजिटल प्रविधिमा लैजाने र परिचयपत्र वितरणको लागि एकीकृत घुम्तीटोली परिचालन गर्ने।

(घ) निरन्तर हेरचाह, हिंँडडुल तथा दैनिक क्रियाकलापहरू सञ्चालन गर्न सहयोगी वा निरन्तर हेरचाहकर्ताको जरूरत पर्ने अपाङ्गता भएका व्यक्तिको पहिचान गरी पारिश्रमिकसहितको हेरचाहकर्ता वा सहयोगी उपलब्ध गराउने।

(ङ) अपाङ्गता भएका व्यक्तिको लागि चाहिने फिजियोथेरापी, अकुपेशनलथेरापी, स्पिचथेरापी, मनोथेरापी, मनो परामर्श, नियमित सेवन वा प्रयोग गर्नुपर्ने औषधी (फ्याक्टर समेत), अपाङ्गताको कारणले प्रयोग गर्नुपर्ने स्वास्थ्य तथा सरसफाईसम्बन्धी सामग्री (जस्तै डाइपर, कुसन, युरिनव्याग, CIC पाइप, जेली लगायत), स्वास्थ्य संस्था र पुनर्स्थापना केन्द्रहरूको क्षमता विकास गरी

सामान्य स्वास्थ्यसम्बन्धी परामर्श लगायतका सेवा निःशुल्क उपलब्ध गराउने।

(च) स्थानीय स्तरमा हुन नसक्ने कुनै पनि स्वास्थ्यसम्बन्धी सेवा (जस्तै सुधारात्मक शल्यकृया Corrective Surgery), विशिष्ट प्रकारको स्वास्थ्य सेवा, कृत्रिम हात खुट्टा जडान, मनोसामाजिक परामर्श वा उपचारको लागि रेफरल सेवा स्थानीय स्वास्थ्य संस्थाबाट उपलब्ध गराउने।

(छ) अपाङ्गता भएका व्यक्ति लक्षित सीप विकास र रोजगारी सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने र अन्य रोजगारी तथा सीप विकास सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गर्ने।

(ज) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन, स्वास्थ्य तथा सहभागितालाई मर्यादित एवम् गुणस्तरीय बनाउन परिवारको सेवा, प्रेम र सहयोग सुनिश्चित हुने सर्तमा स्वयम् व्यक्ति र परिवारलाई सहयोग कार्यक्रम।

(झ) पहुँचयुक्तता सम्बन्धी अपाङ्गता भएका व्यक्ति अधिकारसम्बन्धी संयुक्तराष्ट्र सङ्घीय अभिसन्धि, २००६ मा भएका प्रावधान एवम नेपाल सरकारले तोकेको मापदण्डअनुसार सबै सार्वजनिक संरचनाहरू

र सूचना तथा सञ्चार सेवाहरू अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त बनाउने कार्यक्रम।

(ञ) विद्यालयको भौतिक वातावरण पहुँचयुक्त बनाउन बजेट तथा कार्यक्रम, सिकाइ प्रकृया र विधिहरू समावेशी र पहुँचयुक्त बनाउन क्षमता विकास कार्यक्रम, शिक्षकको क्षमता विकासको लागि कार्यक्रम, पहुँचयुक्त शैक्षिक सामग्री विकास र खरिदको लागि बजेट र कार्यक्रम, विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकालाई विद्यालयसम्म ल्याउने अभियान कार्यक्रम लगायत छात्रवृत्ति, सहायक सामग्री समेत उपलब्ध गराउने।

(ट) विभिन्न हिंसा, दुर्व्यवहार, अपमान, शोषणको मारमा परेका अपाङ्गता भएका व्यक्तिलाई उजुरी प्रकृया लगायत न्यायिक प्रकृयामा पहुँच प्राप्त गर्न, सुरक्षा, पुनर्स्थापनालगायतको लागि चाहिने सहयोगहरू उपलब्ध गराउने कार्यक्रम।

(ठ) अपाङ्गता भएका व्यक्ति, समुदाय, सरोकारवाला बीच अपाङ्गता सम्बन्धी कानूनी व्यवस्था र अन्य कानूनी व्यवस्थाको बारेमा कानूनी सचेतना, अपाङ्गता अधिकार, अपाङ्गताको अवधारणा, परिभाषा तथा वर्गीकरण लगायतका विषयमा जनचेतना, अपाङ्गता अधिकारसम्बन्धी महासन्धिको बारेमा जानकारी,

सरकारले उपलब्ध गराएका सेवा सुविधासम्बन्धी सूचना तथा जानकारीहरूको विषयमा कार्यक्रम।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम मध्ये प्रदेश सरकारले नै सञ्चालन गर्नुपर्ने प्रकृतिका कार्यक्रम स्थानीय तहले सञ्चालन गर्नेछ र अन्य प्रकृतिका कार्यक्रममा स्थानीय अपाङ्गता भएका व्यक्ति आवद्ध संस्थाहरूसँग साझेदारी गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम स्थानीय तहले नै तयार गरी सञ्चालन गर्नेछ। कार्यक्रम निर्माणलगायत कामहरू गर्नको लागि स्रोतको उपलब्धता हेरी हरेक स्थानीय तहमा एक अपाङ्गता सहायता कक्षको स्थापना गर्न सकिनेछ।

४. **<u>अपाङ्गतासम्बन्धी कार्यक्रम निर्माण गर्ने:</u>** (१) विस्तृत योजनामा प्रत्येक कार्यक्रमसँग सम्बन्धित शाखा तोकिनेछ र सोही आधारमा विभिन्न शाखाहरूले कार्यक्रमहरू सञ्चालन गर्नेछन्।

(२) उपदफा (१) बमोजिम अपाङ्गतासम्बन्धी कार्यक्रमहरू तर्जुमा गर्दा यसको समग्र संयोजन महिला तथा बालबालिका शाखाले गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम तर्जुमा गर्दा अपाङ्गता समन्वय समिति, स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि र अपाङ्गता सहायता कक्षका प्रतिनिधिलाई अनिवार्य सहभागी गराउनु पर्नेछ।

५. **कार्यान्वयनमा सहजीकरण गर्नुपर्नेः** विभिन्न शाखाहरूलाई कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि महिला बालबालिका शाखा, अपाङ्गता सहायता कक्ष, शिक्षा शाखामा अपाङ्गता लेखाजोखा प्राविधिक समिति, वडा तहमा व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति र अपाङ्गता समन्वय समितिले सहजीकरण गर्नु पर्नेछ।

## परिच्छेद- ३

## समुदायमा आधारित पुनर्स्थापना (सी.बी.आर.) कार्यक्रम सञ्चालन

६. **समुदायमा आधारित पुनर्स्थापना (सी.बी.आर) कार्यक्रम अनुदान उपलब्ध गराउनेः** (१) प्रदेश सरकारले समुदायमा आधारित पुनर्स्थापना (सी.बी.आर.) कार्यक्रम अन्तर्गत प्रत्येक स्थानीयतहलाई प्रदेश सरकारबाट स्वीकृत भए बमोजिमको निश्चित अनुदान रकम उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम स्थानीय तहले प्रतिस्पर्धाको आधारमा संस्था छनौट गरी स्थानीय तहमा सूचीकृत भइ कार्य गरिरहेको अपाङ्गता भएका व्यक्तिको संस्थासँगको साझेदारीमा कार्यक्रम गरी खर्च गर्नुपर्नेछ।

७. **सी.बी.आर. कार्यक्रम सञ्चालन समिति निर्धारणः** (१) सी.बी.आर. कार्यक्रमको बारेमा आवश्यक निर्णय गर्न, संस्था छनौटका प्रक्रिया र मापदण्ड निर्धारण गर्न, संस्था छनौट गर्न, कार्यक्रमको अनुगमन गर्न, कार्यान्वयन गराउने संस्थालाई प्रतिवेदन गराउन, संस्थालाई आवश्यक निर्देशन दिन उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा

देहायबमोजिमको सी.बी.आर. कार्यक्रम सञ्चालन समिति गठन गरिनेछः-

(क) स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष -संयोजक

(ख) महिला बालबालिका शाखा प्रमुख -सदस्य

(ग) अपाङ्गता समन्वय समितिका प्रतिनिधी -सदस्य

(घ) स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्थाका प्रतिनिधि -सदस्य

(ङ) स्थानीय तहको प्रशासन शाखाको अधिकृत स्तरको प्रतिनिधि -सदस्य

(च) प्रमुख सामाजिक शाखा -सदस्य-सचिव

(२) सी.बी.आर. कार्यक्रम सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः-

(क) सी.बी.आर. कार्यक्रम सञ्चालनको लागि प्रतिस्पर्धा र संस्था छनौटको मापदण्ड निर्माण गर्ने,

(ख) कार्यक्रम प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्ने,

(ग) सी.बी.आर. कार्यक्रम सञ्चालन गर्ने स्थानीय अपाङ्गता भएका व्यक्ति आवद्ध संस्था छनौट गर्ने,

(घ) सी.बी.आर. कार्यक्रमको अनुगमन गर्ने,

(ङ) सी.बी.आर. कार्यक्रमको प्रतिवेदन निर्माण गरी स्थानीय तह र प्रदेश सामाजिक विकास मन्त्रालयमा पेश गर्न निर्देशन दिने,

(च) सी.बी.आर. कार्यक्रम सञ्चालन गर्ने संस्थालाई आवश्यक सुझाव र सल्लाहहरू दिने।

(३) सञ्चालक समितिको मनोनित सदस्यहरुको अवधी एक वर्षको हुनेछ।

८. **सी.बी.आर. कार्यक्रमका प्राथमिकताहरूः** सी.बी.आर. कार्यक्रम अन्तर्गत उपलब्ध गराइने रकमलाई देहायबमोजिमको प्राथमिकतामा रहेर उपयोग गर्नुपर्नेछः-

(क) कुल उपलब्ध रकमको पचहत्तर प्रतिशत रकम अपाङ्गता भएका व्यक्तिलाई प्रत्यक्ष लाभ हुने कार्यक्रमहरु समावेशी शिक्षा, विद्यालय भर्ना, छात्रवृत्ति, सहयोगी सेवा, स्वास्थ्योपचार, सीप विकास, सहायक सामग्री, व्यावसायिक तालिम, बिउपूँजी वितरण, उद्यमशीलता प्रवर्द्धन, न्यायमा पहुँचका लागि सहयोग गर्नुपर्नेछ।

(ख) कुल अनुदानको पन्ध्र प्रतिशत रकम अपाङ्गता अधिकार, कानूनी व्यवस्था, अपाङ्गताको सवालमा भएका पछिल्ला असल अभ्यास, उत्प्रेरणा जगाउने

विषयहरूको प्रचारप्रसारलगायतका क्षेत्रमा उपयोग गर्नुपर्नेछ।

(ग) कुल अनुदानको ५ प्रतिशत रकम समितिको वैठक र अनुगमनका लागि खर्च गरिनेछ भने बाँकी ५ प्रतिशत कार्यक्रम सञ्चालन गर्ने संस्थाको लागि प्रशासनिक खर्च गर्न छुट्याइनेछ।

(घ) सी.बी.आर. कार्यक्रमबाट सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि लाभ दिने हुनुपर्नेछ।

(ङ) अपाङ्गता भएका व्यक्ति तथा अभिभावकहरूको सामाजिक सहभागितालगायत कानूनी शिक्षा र अपाङ्गता अधिकारका अन्य क्षेत्रमा सशक्तीकरण गर्ने किसिमका कार्यक्रमहरू।

(च) सार्वजनिक संरचनाहरू पहुँचयुक्त बनाउनको लागि गरिने कार्यक्रमहरू।

९. **<u>सी.बी.आर. कार्यक्रम सञ्चालनको लागि साझेदार संस्था हुन चाहिने योग्यता:</u>** (१) स्थानीय तहमा सी.बी.आर. कार्यक्रम सञ्चालन गर्ने संस्थाको देहायबमोजिम योग्यता पुरा गरेको हुनुपर्नेछ।

(क) संस्था अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित हुनुपर्ने र विधानमा सबै  अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उद्देश्य भएको हुनुपर्ने। अभिभावकहरूका संस्थाको हकमा भने बौद्धिक अपाङ्गता, अटिजम,

श्रवणदृष्टिविहीन, डाउन्ससिन्ड्रोम र बहुअपाङ्गता भएका व्यक्तिका अभिभावकहरूको संस्था हुनुपर्ने।

(ख) संस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको र हरेक बर्ष नियमित नवीकरण गरेको हुनुपर्ने।

(ग) संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर, इमेल ठेगाना भएको हुनुपर्ने।

(घ) संस्था समाज कल्याण परिषदमा आबद्ध र नियमित नवीकरण भएको हुनुपर्ने।

(ङ) संस्था स्थानीय तहमा सूचीकृत भएको हुनुपर्ने।

(च) संस्थासँग अपाङ्गताक्षेत्रमा कम्तीमा २ बर्ष काम गरेको अनुभव हुनुपर्ने र नियमित लेखापरीक्षण गरेको हुनुपर्ने।

(छ) संस्था वा संस्थामा काम गर्ने वर्तमान पदाधिकारी, कर्मचारी वा स्वयंसेवक कुनै लैङ्गिक तथा यौन दुर्व्यवहार, भेदभाव जन्य कामहरू, भ्रष्टाचार, गैरकानुनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्ने।

(२) सी.बी.आर. कार्यक्रम सञ्चालन गर्नको लागि संस्था छनौट प्रत्येक वर्ष गरिनेछ र संस्थाको कार्यसम्पादन सन्तोष जनक नभएमा, आर्थिक अनियमितता देखिएमा, पदाधिकारीले भ्रष्टाचार

गरेको ठहर भएमा वा कुनै पदाधिकारीलाई फौजदारी अभियोग लागेमा स्थानीय तहले कुनै पनि बेला संस्थालाई जाने अनुदान रोक्का गरी कानूनबमोजिम असुल उपर गर्नेछ।

तर असुल उपर गर्नु अघि सफाइको मौका दिनुपर्नेछ।

१०. **संस्था छनौटका मुख्य आधारहरू:** (१) संस्था छनौट गर्दा सी.बी.आर. कार्यक्रम सञ्चालन समितिले देहायबमोजिमको अंकभार समेतको आधारमा गर्नुपर्नेछ।

| क्र.स. | विवरण | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | संस्थाले अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव | १५ | |
| २ | संस्थाले पेश गरेको परियोजना प्रस्तावको स्पष्टता, प्रभावकारिता र विश्वसनीयता | २० | |
| ३ | संस्थाको कार्यालयको अवस्था र कर्मचारी | १५ | |
| ४ | अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्था | ३० | |
| ५ | विगतमा गरेको बजेट परिचालन | १० | |
| ६ | संस्थाको प्रोफाइल | १० | |
| | **जम्मा** | **१००** | |

११. **अपाङ्गतासम्बन्धी सूचना तथा परामर्श सेवा लिन सक्ने:** स्थानीय तहले अपाङ्गतासम्बन्धी सूचना तथा परामर्श सेवा लिन छुट्टै कार्यविधि निर्माण गरी काम गर्न सक्नेछ।

**१२.** **<u>प्रतिवेदन पेश गर्नुपर्ने:</u>** (१) सी.बी.आर. कार्यक्रम सञ्चालन गर्ने संस्थाले अनुसूची- २ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) कार्यक्रम सञ्चालन गर्ने संस्थाले प्रत्येक ३ महिनामा स्थानीय तहमा प्रतिवेदन पेश गर्नु पर्नेछ र प्रतिवेदनका कामसँग सम्बन्धित सबै तथ्य, प्रमाणहरू, फोटो, भिडियो, खर्चको विवरण र सक्कल बिल तथा भरपाई पेश गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदनको एकप्रति सामाजिक विकास मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

**१३.** **<u>अनुगमन गर्नुपर्ने:</u>** (१) सी.बी.आर. कार्यक्रम सञ्चालन समितिले कम्तीमा प्रत्येक छ महिनामा कार्यक्रमका उपलब्धीको अनुगमन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा अनुगमनका निश्चित सूचकहरू तयार गरी योजना बनाएर गर्नुपर्नेछ।

**१४.** **<u>सी.बी.आर. कार्यक्रम सञ्चालनमा रोक लगाउन सकिने:</u>** (१) दफा १३ बमोजिम अनुगमनको क्रममा उद्देश्य विपरीत काम गरेको, रकम हिनामिना वा लापरबाही गरेको पाइएमा चेतावनी वा सुझाव दिन, बीचैमा कार्यक्रम रोक्न, रकम फिर्ता गराउन वा अर्को पटकबाट उक्त संस्थालाई कार्यक्रममा सहभागी हुन रोक लगाउने निर्णय गर्न सक्नेछ।

(२) सामाजिक विकास मन्त्रालयको तर्फबाट आवश्यकता अनुसार कुनै पनि बेला अनुगमन गर्न सकिनेछ।

## परिच्छेद- ४

## अपाङ्गता समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमका लागि बजेट व्यवस्थापन

**१५. बजेट व्यवस्थापन गर्नुपर्नेः** अपाङ्गता समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको लागि बजेटको व्यवस्थापन देहायबमोजिम गर्न सकिनेछः-

(क) बजेटको व्यवस्थापन प्रदेश सरकार र स्थानीय तहको साझेदारीबाट गरिनेछ।

(ख) प्रदेश सरकार वा स्थानीय तहको अपाङ्गता भएका व्यक्तिहरूको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई सहयोग पुग्ने गरी दातृ निकायहरूले स्थानीय तह वा प्रदेश सरकारसँग सहकार्य र साझेदारी गर्न सक्नेछन।

(ग) कार्यक्रमको कुल बजेटमध्ये साठी प्रतिशत प्रदेश सरकारले उपलब्ध गराउनेछ र बाँकी चालिस प्रतिशत स्थानीय तहले उपलब्ध गराउनेछ।

(घ) यो कार्यक्रममा योगदान गर्ने स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्था वा अपाङ्गताको सवालमा काम गर्ने संस्थाले प्रदेश सरकार वा स्थानीय तहसँग साझेदारी गर्न सक्नेछन्।

१६. **<u>कार्यक्रममा समन्वय र साझेदारी गर्न सक्नेः</u>** स्थानीय तह वा प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई समावेशी तरिकाले सञ्चालन गर्न र यस्ता कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा अपाङ्गता भएका व्यक्तिका संस्थाहरूको सहभागिता र स्वामित्व अभिवृद्धि गर्न कार्यक्रमको प्रकृति र संस्थाको क्षमता हेरी स्थानीय अपाङ्गता भएका व्यक्तिका संस्थाहरूसँग समन्वय, साझेदारी वा सहकार्य गरी सञ्चालन गर्न सक्नेछन्।

## परिच्छेद- ५

## <u>विविध</u>

१७. **<u>प्रचलित कानूनबमोजिम हुनेः</u>** यस कार्यविधिमा भएका व्यवस्था अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम नै हुनेछ।

१८. **<u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u>** सामाजिक विकास मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

## अनुसूची- १

(दफा ३ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

### अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन गर्ने फारम

जिल्लाः स्थानीय तहको नामः मितिः

| क्र.सं | स्थानीय तहको नाम | अपाङ्गताको वर्ग, | अपाङ्गताको प्रकार | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | कुल जम्मा संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | शारीरिक अपाङ्गता | | | दृष्टी सम्बन्धी अपाङ्गता | | | सुनाई सम्बन्धी अपाङ्गता | | | श्रवण दृष्टिविहिन अपाङ्गता | | | स्वर बोलाइसम्बन्धी अपाङ्गता | | | मानसिक वा मनोसामाजिक अपाङ्गता | | | बौद्धिक अपाङ्गता | | | अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता | | | अटिजम सम्बन्धी अपाङ्गता | | | बहु-अपाङ्गता | | | | | |
| महिला पूरुष र जम्मा संख्या | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | | पुर्ण अशक्त अपाङ्गता 'क' वर्ग | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | अति अशक्त अपाङ्गता 'ख' वर्ग | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यम अपाङ्गता 'ग' वर्ग | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | सामान्य अपाङ्गता 'घ' वर्ग | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नोटः बालबालिकाको छुट्टै फाराम तयार गर्नु पर्नेछ।

**प्रमाणित गर्ने**

नामः

पदः

हस्ताक्षरः

## अनुसूची- २

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यक्रम सञ्चालन गर्ने संस्थाले पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा**

मितिः ............................

कार्यक्रमको नामः ........................................

कार्यक्रम सञ्चालन गर्ने संस्थाको नामः .........................................

संस्थाको मुख्य सम्पर्क व्यक्तिको नामः ........................................

सम्पर्क व्यक्तिको पदः ...........................................

सम्पर्क व्यक्तिको सम्पर्क नम्बरः .............................................

प्रतिवेदन गरिएको अवधिः .....................देखि ............................सम्म

**प्रतिवेदन गरिएको निकाय (जुन निकायमा प्रतिवेदन गरिएको हो सो निकायमा ठीक (√) चिन्ह लगाउने**

क) स्थानीय तह

ख) सामाजिक विकास मन्त्रालय

**कार्यक्रमको पृष्ठभूमी**

**खण्ड एक**

१. कार्यक्रमका उद्देश्यहरू

...............................................

..............................................

................................................

२. कार्यक्रमबाट के के उपलब्धी हासिल गर्ने लक्ष्य राखिएको थियो? (बढीमा २०० शब्दमा उल्लेख गर्नुहोस)

३. कार्यक्रमबाट कति अपाङ्गता भएका व्यक्ति लाभान्वित हुने लक्ष्य राखिएको थियो ? (बढिमा १०० शब्दमा उल्लेख गर्नुहोस)

**खण्ड दुई**

१. **सञ्चालित कार्यक्रमहरूको विस्तृत विवरण**(विस्तृत विवरण लेख्दा न्यूनतम पनि क्रियाकलापको नाम, क्रियाकलाप कसरी, कहिले र कहाँ सञ्चालन गरियो, क्रियाकलापमा कति सहभागी भए, क्रियाकलाप के उद्देश्यले सञ्चालन गरियो, उक्त क्रियाकलापले कति जना अपाङ्गता भएका व्यक्ति लाभान्वित भए भन्ने कुरा उल्लेख गर्नुपर्नेछ र प्रत्येक क्रियाकलापको फोटो वा भिडियो प्रतिवेदनमा समेट्नुपर्नेछ )

(क) क्रियाकलाप १: ........................................................

(ख) क्रियाकलाप २ ........................................................

(ग) क्रियाकलाप ३ ...........................................................

२. **सञ्चालित कार्यक्रमबाट भएका गुणात्मक उपलब्धीहरू** (जस्तै व्यक्ति, समुदाय, सरोकारवालाको व्यवहार वा जीवनमा के कस्ता परिवर्तनहरू आए वा कार्यक्रमको प्रभाव हकवाला वा लक्षित समुहमा के पर्‍यो भन्ने विषयमा प्रमाण सहितको विवरण उल्लेख गर्ने)

...................................

............................................................. ............

...........................................................

.......................................................

३. **सञ्चालित कार्यक्रमबाट भएका सङ्ख्यात्मक उपलब्धीहरू**(जस्तै कति अपाङ्गता भएका व्यक्ति, कुन कुन प्रकारका अपाङ्गता भएका व्यक्ति, कति महिला, कति पुरूष, कति जनजाति, कति दलित इत्यादीको संख्यात्मक विवरण)

| क्र.सं. | क्रियाकलापको नाम | महिला | पुरूष | अन्य | अपाङ्गता भएका | अपाङ्गता नभएका | दलित | जनजाति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

४. **कार्यक्रमले पारेको खास प्रभाव**

५. **कार्यक्रम बाट सिकेका कुराहरू**

६. **भोगेका चुनौति र समस्याहरू**

७. **प्रतिवेदन गरिएको निकायलाई सुझावहरू**

**आज्ञाले,**
**डा. भीष्मकुमार भूसाल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-